फोन नं. ०७५- ५२०१०९, ५२०९०९,
५२०१२९, ५२०८९३

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
च.नं.

प्रकाशन मिति २०७८।१०।११

**तानसेन नगरपालिकाको सुचना**

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा भुमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत तपसिल अनुसारको पदमा करारमा कर्मचारी अवश्यक भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०८/२०७८/८९ | गुनासो सुनुवाइ अधिकारी | स्थानिय सेवाको पाँचौ तह सरह | १ | |

१. आवश्यक न्यूनतम र अनुभवः

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांक शास्त्र वा जनसंख्या अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रविणता तह वा सो सरह उतिर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको।

ख) उमेरः कम्तिमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।

ग) सम्बन्धित स्थानीय तहका बासिन्दालाई र यस अघि गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत स्थलगत तथ्याङ्क संकलन कार्यका लागि नियुक्त भई कार्य अनुभव प्राप्त सुपरिवेक्षक तथा गणकलाई प्राथमिकता दिइनेछ ।

२. दरखास्त दिने स्थानः तानसेन नगरकार्यपालिकाको कार्यालय, तानसेन पाल्पा ।

३. दरखास्त दिने अन्तिम मितिः २०७८/१०/१७ गतेसम्म । ४. आवेदन दस्तुरः ५००/-

५. छनौटको किसिमः प्रारम्भिक योग्याताको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।

६. संलग्न कागजातहरुः आवेदन स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरुः

- नेपाली नागरिकत प्रमाणपत्रको प्रतिलिपि
- न्यूनतम योग्यताको लब्धाङक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा तथा अवधिः कार्यक्रममा निर्धारण भए बमोजिम, २ महिना।

८. सम्पादित हुनुपर्ने कार्यविवरणः गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ बमोजिम हुनेछ ।

... प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

*नोटः अन्य विवरण गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका २०७५ भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको वेवसाइट www.molcpa.gov.np मा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ मा उपलब्ध छ ।*

Scanned with CamScanner